नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या :-

च.नं. :-

विज्ञप्ति

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री खडक राज पौडेल "गनेस" सँग नेपालका लागि नवनियुक्त भारतीय राजदूत महामहिम श्री सुधाकर दलेलाले मन्त्रालयमा शिष्टाचार भेट गर्नुभयो। मन्त्री पौडेलले नवनियुक्त महामहिम राजदूतको सफल कार्यकालको शुभकामना व्यक्त गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनका विविध क्षेत्रमा द्विपक्षीय सहकार्य अभिवृद्धि गर्ने एवम् दुई देशका बिच संयुक्त पर्यटन, एकीकृत बौद्ध तथा रामायण सर्किटका सम्बन्धमा गर्नुपर्ने थप कार्यमा समेत जोड दिनुभयो।

उक्त भेटमा नागरिक उड्डयनका क्षेत्रमा हवाई सम्पर्क सञ्जाल विस्तारको आवश्यकता औंल्याउँदै मन्त्री पौडेलले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतका प्रमुख सहरहरूमा नियमित व्यावसायिक उडान सञ्चालन गर्नुपर्ने विषयमा जोड दिनुभयो। साथै, थप हवाई प्रवेश मार्गहरू उपलब्ध गराउने, हवाई सम्पर्क विस्तार गर्ने तथा उड्डयन सुरक्षा र प्राविधिक क्षमता अभिवृद्धिमा सहकार्य गर्नुपर्ने बताउनुभयो। त्यसैगरी, नेपाल र भारतबिचका साझा सांस्कृतिक सम्पदाको संरक्षण, जनस्तरको सम्बन्ध विस्तार तथा आपसी हितका क्षेत्रमा सहकार्य अभिवृद्धि गर्नुपर्ने विषयमा छलफल भयो।

मन्त्री पौडेलले नेपाल र भारतबिच रहिआएको ऐतिहासिक, सांस्कृतिक तथा मैत्रीपूर्ण सम्बन्धलाई थप प्रगाढ बनाउँदै दुवै देशको पारस्परिक हित र समृद्धिका लागि निरन्तर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

२०८३ साल कार्तिक २७ गते शुक्रबार।
नेपाल संवत् ११४७ कछलाथ्व, चतुर्थी।

२०८३/६/२७

(शोभाखर रेग्मी)
सह-प्रवक्ता/उपसचिव